पञ्चपुरी नगरपालिका

# स्थानीय राजपत्र

पञ्चपुरी नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ पञ्चपुरी संख्याः १ मितिः २०८१/१०/०४

## भाग-३

## अधिकृतस्तर सातौं तह कायम गरिएको

## <u>सूचना</u>

यस नगरपालिकाको मिति २०८१/०९/२९ गतेको नगर कार्यपालिका बैठकको निर्णयानुसार "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा ८ को उपदफा १ र २ बमोजिम सिफारिस एवं नियुक्ति भएका यस नगरपालिकामा कार्यरत देहायका कर्मचारीहरूको "स्थानीय सेवा (गठन तथा सञ्चालन) नियमावली, २०८१" को नियम ५ को उपनियम १ बमोजिमको न्यूनतम

शैक्षिक योग्यता पुगेको देखिन आएकोले ऐ. ऐनको ऐ. दफाको उपदफा ४ बमोजिम संवत २०७७ साल फागुन ६ गतेदेखि ज्येष्ठता कायम हुने गरी एवं ऐ. नियमावलीको नियम १४ को उपनियम ६ बमोजिम संवत २०८१ साल माघ ४ गतेदेखि लागु हुने गरी ऐ. ऐनको दफा १५ को उपदफा १ को अधिकार प्रयोग गरी अधिकृतस्तर सातौं तह कायम तथा पदस्थापना गरिएकोले यो सूचना प्रकाशन गरिएको छ।

**देहाय:**

| क्र. सं. | कर्मचारीको नाम, थर | संकेत नं. | साविकको विवरण | | | | तह कायम एवं पदस्थापन भएको विवरण | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सेवा | समूह/ उप समूह | तह | पदनाम | सेवा | समूह/ उपसमूह | तह | पदनाम |
| १ | श्री लाल बहादुर सुबेदी | २४५२७९ | प्रशासन | सामान्य प्रशासन | अधिकृतस्तर छैटौं | अधिकृत | स्थानीय प्रशासन सेवा | प्रशासन /सामान्य प्रशासन | अधिकृतस्तर सातौं | शाखा अधिकृत |
| २ | श्री तुल्सी पुरी वन | २४३११६ | शिक्षा | शिक्षा प्रशासन | अधिकृतस्तर छैटौं | शिक्षा अधिकृत | स्थानीय शिक्षा सेवा | शिक्षा/ शिक्षा प्रशासन | अधिकृतस्तर सातौं | वरिष्ठ शिक्षा अधिकृत |

आज्ञाले,

गोकर्ण नाथ योगी

प्रमुख प्रशासकीय अधिकृत

इति संवत २०८१ साल माघ ०४ गते शुक्रबार ।